नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भक्तपुर

पत्र संख्याः- ०७६/७७
चलानी नं.:- ४४१२

मितिः २०७७।०३।०१

श्री गृह मन्त्रालय,
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा ), सिंहदरवार ।
National Emergency Operation Center (NEOC), सिंहदरवार ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बाग्मती प्रदेश, हेटौडा ।
श्री कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC), छाउनी, काठमाडौं ।

विषयः- DCCMC भक्तपुरको बैठकको निर्णय पठाइएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा प्र.जि.अ. श्री हुमकला पाण्डेज्यूको संयोजकत्वमा बसेको DCCMC(District Covid-19 Crisis Management Center) को मिति २०७७।०३।०१ गते बसेको १८ औं बैठकको निर्णयको छायाँप्रति पाना-१ यसै पत्रसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

(यज्ञराज जोशी)
प्रशासकीय अधिकृत

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎ ६६१४४३७, ६६१४८०१, ६६१०९०६ 🖷 ६६१४६०७

बैठक संख्या १८

मिति २०७७।०३।०१ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र (सिएमसी) भक्तपुरको १८ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

उपस्थिति:

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. ~~प्रमुख श्री मनोज थापा~~, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित
मे.नि. श्री परशुराम पाण्डे

छलफलका विषयहरु

१. सेवा र कार्यहरू सञ्चालन गर्ने/नगर्ने सम्बन्धमा।
२. आईसोलेसन सेन्टर सम्बन्धमा।
३. पुन:निर्माण कार्य सम्बन्धमा।
४. विविध।

निर्णय

१. गृह मन्त्रालयको च.नं. ४१५२ मिति २०७७।०२।२९ को निर्ण कार्यान्वयन सम्बन्धमा तोकिए बमोजिम सेवा र कार्यहरू सञ्चालन गर्ने नगर्ने सम्बन्धमा उल्लेखित निर्देशनको पूर्ण रुपमा पालना गर्ने गराउने।
२. जिल्लामा रहेका मेडिकल कलेज र सरकारी आवासीय भवनहरूलाई संक्रमितहरूको व्यवस्थापन गर्नको लागि आइसोलेशन सेन्टरको रुपमा र उक्त भवनको सेवा शुल्क समेतको लगत तयार गरी पेश गर्न हुन स्वास्थ्य कार्यालय, कटुन्जे र जिल्ला आयोजना कार्यान्वयन ई. (भवन) भक्तपुरलाई अनुरोध गर्ने।
३. भुकम्प पुन:निर्माणको काम गर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणको पालना गर्नु पर्ने मापदण्ड २०७७ को अधिनमा रही पुन:निर्माण कार्य गर्न/गराउन सहजिकरण गर्ने।
४. कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(CCMC) बाट शव व्यवस्थापन गर्न नेपाली सेनालाई तोकिए बमोजिम र जिल्लामा कोभिड-१९ संक्रमण र नियन्त्रणको लागि एम्बुलेन्स र शव वाहन सञ्चालन गर्न जिल्लामा रहेका अस्पतालहरूसँग खोजि कार्य गर्दा भक्तपुर क्यान्सर अस्पतालको एम्बुलेन्सलाई मर्मत गरी सञ्चालन गर्न अस्पतालले सहमति दिए बमोजिम सोको मर्मत गरी सञ्चालनमा ल्याउन जिसस भक्तपुरलाई अनुरोध गर्ने।